## वस्तुगत प्रश्नोत्तर

१. **राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसार नेपालको जनसङ्ख्या कति पुगेको छ ?**

✍ २,९१,९२,४८०

- २०६८ सालको जनगणनाभन्दा २०७८ को जनगणनामा कुल जनसङ्ख्या १०.१८ प्रतिशतले बढेको ।
- २०७८ को जनगणनाअनुसार जनसङ्ख्या वृद्धिदर (सरदर वार्षिक) ०.९३ प्रतिशत रहेको ।
- २०६८ सालको जनगणनाअनुसार नेपालको जनसङ्ख्या २,६४,९४,५०४ थियो भने जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत रहेको थियो ।
- केन्द्रीय तथ्याङ्क विभागले २०७८ कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म सञ्चालन गरेको जनगणनाको प्रारम्भिक नतिजा २०७८ माघ १२ गते सार्वजनिक गरेको ।
- जनगणना २०७८ को संक्षिप्त झलक
- कुल जनसङ्ख्या : २,९१,९२,४८०
- पुरुष जनसङ्ख्या : १,४२,९१,३११ (४८.९६ प्रतिशत)
- महिला जनसङ्ख्या : १,४९,०१,१६९ (५१.०४ प्रतिशत)
- जनसङ्ख्या वृद्धिदर : ०.९३ प्रतिशत
- सहरी जनसङ्ख्या : ६६.०८ प्रतिशत
- ग्रामीण जनसङ्ख्या : ३३.९२ प्रतिशत
- जनघनत्व : १९८ प्रति व.कि.मि.
- घरपरिवार सङ्ख्या : ६७,६१,०५९
- घरसङ्ख्या : ५६,४३,९४५
- प्रतिपरिवार औसत सदस्य : ४.३२ (सहरी क्षेत्र : ४.२५ र ग्रामीण क्षेत्र ४.५५)
- विदेशमा अक्सर बसोवास गर्ने जनसङ्ख्या : २१,६९,४७८
- (पुरुष : १७,६३,३१५ अर्थात् ८१.२८ प्रतिशत, महिला : ४,०६,१०३ अर्थात् १८.७२ प्रतिशत)
- भौगोलिक क्षेत्रगत आधारमा जनसङ्ख्या हिस्सा
- हिमाली क्षेत्र : ६.०९ प्रतिशत
- पहाडी क्षेत्र : ४०.२५ प्रतिशत
- तराई क्षेत्र : ५३.६६ प्रतिशत
- प्रदेशगत जनसङ्ख्या
- प्रदेश १ : ४९,७२,०२१ (१७.०३ प्रतिशत)
- मधेस प्रदेश : ६१,२६,२८८ (२०.९९ प्रतिशत)
- बागमती प्रदेश : ६०,८४,०४२ (२०.८४ प्रतिशत)
- गण्डकी प्रदेश : २४,७९, ६४५ (८.४९ प्रतिशत)
- लुम्बिनी प्रदेश : ५१,२४,२२५ (१७.५५ प्रतिशत)
- कर्णाली प्रदेश : १६,९४,८८९ (५.८१ प्रतिशत)
- सुदूरपश्चिम प्रदेश : २७,११,२७० (९.२८ प्रतिशत)
- सबैभन्दा बढी जनसङ्ख्या भएको प्रदेश : मधेस (६१,२६,२८८ (२०.९९ प्रतिशत)
- सबैभन्दा कम जनसङ्ख्या भएको प्रदेश : कर्णाली (१६,९४,८८९ (५.८१ प्रतिशत)
- सबैभन्दा बढी जनसङ्ख्या भएको जिल्ला : काठमाडौँ (२०,१७,५३२)
- सबैभन्दा कम जनसङ्ख्या भएको जिल्ला : मनाङ (५,६४५)
- सबैभन्दा धेरै जनसङ्ख्या भएका प्रमुख ५ जिल्ला : क्रमशः काठमाडौँ, मोरङ, रूपन्देही, झापा र सुनसरी
- सबैभन्दा कम जनसङ्ख्या भएका पाँच जिल्ला : क्रमशः मनाङ, मुस्ताङ, डोल्पा, रसुवा र हुम्ला
- सबैभन्दा बढी जनसङ्ख्या वृद्धिदर रहेको जिल्ला : भक्तपुर
- जनसङ्ख्या वृद्धिदर नेगेटिभ रहेको जिल्ला सङ्ख्या : ३२
- नगरपालिकाको आधारमा सबैभन्दा बढी जनसङ्ख्या : काठमाडौँ म.न.पा (८,६५,९०६)
- नगरपालिकाको आधारमा सबैभन्दा कम जनसङ्ख्या : डोल्पाको ठुलीभेरी न.पा. (१०,१८७ जना)
- गाउँपालिकागत हिसाबले सबैभन्दा बढी जनसङ्ख्या भएको गाउँपालिका : वैजनाथ गा.पा. (बाँके, ७०,३१५)
- गाउँपालिकागत हिसाबले सबैभन्दा कम जनसङ्ख्या भएको गाउँपालिका : मनाङको नर्पाभूमि गा.पा. (४२२ जना)
- नेपाल सरकारबाट घोषित २९३ वटा नगरपालिकामा रहेको जनसङ्ख्यालाई सहरी क्षेत्रको जनसङ्ख्या र ४६० गाउँपालिकामा रहेको जनसङ्ख्यालाई ग्रामीण क्षेत्रको जनसङ्ख्या मानी ग्रामीण तथा सहरी जनसङ्ख्याको वर्गीकरण गरिएको ।
- २०७८ को जनगणनाअनुसार तराईमा जनसङ्ख्या ३.९ प्रतिशतले वृद्धि भएको । २०६८ मा तराईमा कुल जनसङ्ख्या ५०.२७ प्रतिशत हिस्सा रहेकोमा २०७८ मा ५३.६६ प्रतिशत पुगेको ।
- पहाडमा २०६८ मा ४३.०१ प्रतिशत रहेकोमा २०७८ मा ४०.२५ प्रतिशतमा झरेको ।
- हिमाली क्षेत्रमा २०६८ मा ६.७३ प्रतिशत हिस्सा रहेकोमा २०७८ मा ६.०९ प्रतिशत रहेको ।
- भौगोलिक क्षेत्रको आधारमा प्रतिपरिवार औसत सदस्य
- हिमाली क्षेत्र : ४.२७ जना
- पहाडी क्षेत्र : ३.९५ जना
- तराई क्षेत्र : ४.६५ जना
- प्रदेशगत आधारमा परिवारमा औसत सदस्य सङ्ख्या सबैभन्दा कम : गण्डकी प्रदेश (३.६६ जना)
- प्रदेशगत आधारमा परिवारमा औसत सदस्य सङ्ख्या सबैभन्दा बढी : मधेस प्रदेश (५.१५ जना)
- जिल्लागत आधारमा औसत सदस्य सङ्ख्या सबैभन्दा कम : दोलखा जिल्ला (३.४१ जना)
- जिल्लागत आधारमा औसत सदस्य सङ्ख्या सबैभन्दा बढी : रौतहट, बारा, र कपिलवस्तु (५.५० जना)

२. **अन्तर्राष्ट्रिय भन्सार दिवस कहिले मनाइन्छ ?**

✍ जनवरी २६

- सन् २०२२ मा मनाइएको ७०औँ अन्तर्राष्ट्रिय भन्सार दिवस 'स्केलिङ अप कस्टमस् डिजिटल ट्रान्सफर्मेसन वाइ इम्ब्रेसिङ ए डाटा इकोसिस्टम (Scaling up Customs Digital Transformation by Embracing a Data Culture and Building a Data Ecosystem) नाराका साथ मनाइएको ।

३. **अमेरिकाका पाँच राज्यमा हालै आएको ठूलो हिमआँधी कुन हो ?**

✍ बम साइक्लोन (सन् २०२२ जनवरी)

- अमेरिकाको इस्ट कोस्ट क्षेत्रमा हिमआँधी भयानक बन्दा त्यहाँका पाँचवटा (न्युयोर्क, न्युजर्सी, मेरिल्यान्ड, रोड आइल्यान्ड र भर्जिनिया) राज्यमा आपत्कालीन स्थिति घोषणा गरिएको ।
- यस आँधीलाई मध्य अक्षांशीय चक्रपातका रूपमा समेत चिनिने ।

४. **संयुक्त राष्ट्रसङ्घीय बालकोषको नोबल पुरस्कार कहिले प्राप्त गरेको हो ?**

✍ सन् १९६५

५. **विश्व मानचित्रमा नेपालको जस्तो आकृति गएको देश कुन हो ?**

✍ पोर्चुगल

६. **देश र महादेशको नाम एउटै भएको देश कुन हो ?**

✍ अस्ट्रेलिया

७. **नेपालको चीनसँग दौत्य सम्बन्ध कहिले कायम भएको हो ?**

✍ सन् १९५५ अगस्ट १

- नेपाल र चीनबीच शान्ति तथा मैत्री सन्धि सन् १९६० अप्रिल २८ मा भएको ।
- नेपाल र चीनबीच सीमासम्बन्धी सम्झौता सन् १९६१ मा भएको ।
- नेपाल र चीनबीच सीमासम्बन्धी प्रोटोकलमा सन् १९७९ मा हस्ताक्षर भएको ।
- काठमाडौँ उपत्यकामा बस्ती बसाउने मञ्जुश्री चीनबाट आएका ।
- नेपालको बारेमा यात्रा वृत्तान्त लेखी प्रचारप्रसार गर्ने पहिलो चिनियाँ नागरिक हुयान साङ रहेका ।
- चिनियाँ झाङ जियानले पहिलोपल्ट सन् ४०६ मा लुम्बिनीको भ्रमण गरेका ।
- प्राचीनकालमा नेपालको भ्रमण गर्ने दुई चिनियाँ यात्री : हुयान साङ र फाहियान रहेका ।

८. **प्रशासनमा X (एक्स) र Y (वाइ) को सिद्धान्त केसँग सम्बन्धित छ ?**

✍ उत्प्रेरणा

९. **गोस्वारा हुलाकको पुरानो नाम के हो ?**

✍ नेपाल हुलाक घर

१०. **भित्ते पात्रोको प्रचलन कुन देशबाट सुरु भएको हो ?**

✍ इजिप्ट

११. **चाल शक्तिलाई विद्युत् शक्तिमा परिवर्तन गर्ने यन्त्र कुन हो ?**

✍ डायनामो

१२. **विद्युत् शक्तिलाई चाल शक्तिमा परिवर्तन गर्ने यन्त्र कुन हो ?**

✍ मोटर

१३. **मिस इको नेपाल २०२२ को उपाधि जित्ने युवती को हुन् ?**

✍ सोफिया भुजेल

- भुजेलले इजिप्टमा आयोजना हुने अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता 'मिस इको इन्टरनेसनल २०२२' मा नेपालको प्रतिनिधित्व गर्ने भएकी ।
- यसअघि अनुष्मा रायमाझीले 'मिस इको इन्टरनेसनल २०२०' मा 'मिस इको एसिया' उपाधि नेपाल ल्याउन सफल भएकी ।
- पर्यटन र वातावरणको विषयलाई मुख्य कार्यक्षेत्र बनाई इजिप्टमा सन् २०१५ देखि यो प्रतियोगिता सुरु भएको ।

१४. **नेपालबाहिर बनेको पहिलो नेपाली चलचित्र कुन हो ?**

✍ सत्य हरिशचन्द्र

- (यो नेपाली भाषाको पहिलो चलचित्र हो ।)

१५. **नेपालको प्रामाणिक समय कुन हिमाललाई आधार मानेर कायम गरिएको छ ?**

✍ गौरीशङ्कर

- दोलखा जिल्लामा पर्ने गौरीशङ्कर हिमाललाई काटेर गएको ८६ डिग्री १५ मिनेट पूर्वी देशान्तरलाई आधार मानेर नेपालको प्रामाणिक समय निर्धारण गरिएको,
- नेपालको प्रामाणिक समय वि.सं.२०४२ वैशाख १ गतेदेखि लागू भएको,
- नेपालको समय ग्रीनविचको समयभन्दा ५ घन्टा ४५ मिनेट छिटो रहेको,
- बेलायतको ग्रीनविच हुँदै गएको ० डिग्री देशान्तर रेखालाई आधार मानी सन् १८८४ नोभेम्बर १ मा विश्वको प्रामाणिक समय निर्धारण गरिएको ।

१६. **ट्रान्सपरेन्सी इन्टरनेसनलले सन् २०२२ जनवरी २५ मा प्रकाशित गरेको भ्रष्टाचारसम्बन्धी प्रतिवेदनअनुसार नेपाल कतिऔँ स्थानमा रहेको छ ?**

✍ ११७ औँ

- सूचकाङ्कमा समावेश १८० देशमध्ये डेनमार्क, फिनल्यान्ड र न्युजिल्यान्डले कुल १०० मा ८८ अङ्क प्राप्त गरी सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकको अग्रस्थान ओगटेका ।
- दक्षिणी सुडान ११ अङ्क प्राप्त गरी सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकको रूपमा परेको ।
- भ्रष्टाचारसम्बन्धी सूचकाङ्कमा दुईतिहाइ मुलुकले ५० भन्दा कम अङ्क (स्कोर) प्राप्त गरी बढी भ्रष्टाचार हुने मुलुकका रूपमा रहेका ।
- ४३ अङ्कलाई औसत ग्लोवल स्कोर मानिएको । यो भन्दा कम अङ्क पाउनेलाई भ्रष्टाचार व्याप्त भएको मुलुकका रूपमा दर्ज गरिएको ।

● **दक्षिणी एसियाली राष्ट्रहरूको स्थिति**

| राष्ट्र | प्राप्ताङ्क | स्थान |
|---|---|---|
| भुटान | ६८ | २५ औँ |
| माल्दिभ्स | ४० | ८५ औँ |
| भारत | ४० | ८५ औँ |
| श्रीलङ्का | ३७ | १०२ औँ |
| नेपाल | ३३ | ११७ औँ |
| पाकिस्तान | २८ | १४० औँ |
| वङ्गलादेश | २६ | १४७ औँ |
| अफगानिस्तान | १६ | १७४ औँ |

- ट्रान्सपरेन्सी इन्टरनेसनलले सन् १९९५ देखि हरेक वर्ष भ्रष्टाचारसम्बन्धी प्रतिवेदन सार्वजनिक गर्ने गरेको ।
- ट्रान्सपरेन्सीले यो सूचीमा नेपाललाई सन् २००४ देखि समावेश गरेको ।

● **सन् २००४ देखि नेपालको भ्रष्टाचार सूचकाङ्क**

| वर्ष (सन्) | स्थान | वर्ष (सन्) | स्थान |
|---|---|---|---|
| २००४ | १३९ | २००५ | ११६ |
| २००६ | १२६ | २००७ | १३० |
| २००८ | १३१ | २००९ | १२२ |
| २०१० | १२४ | २०११ | ११३ |
| २०१२ | १३९ | २०१३ | ११६ |
| २०१४ | १२६ | २०१५ | १३० |
| २०१६ | १३१ | २०१७ | १२२ |
| २०१८ | १२४ | २०१९ | ११३ |
| २०२० | ११७ | २०२१ | ११७ |

**प्रस्तुतकर्ता : टङ्क के.सी.**

## विषयगत प्रश्नोत्तर

# नेपालमा सहकारीको विद्यमान अवस्था




१. **नेपालमा सहकारीको विद्यमान अवस्थाबारे जानकारी दिँदै यसको विकासमा नियामक निकायको भूमिकाबारे चर्चा गर्नुहोस् ।**

✍ आय आर्जनको उद्देश्य राखी स्थापना भएको सर्वसाधारण मानिसहरूको सङ्गठित समूह सहकारी हो । सहकारी नेपालको वित्तीय प्रणालीको एक अभिन्न अङ्ग हो । यसले छरिएर रहेको बचत जम्मा गर्ने, परिचालन गर्ने, लगानी गर्नेलगायतका कार्य गरी स्थानीय समुदायबाट साधन परिचालन तथा लगानीको वातावरण तयार गर्ने गर्दछ । नेपालमा सहकारीलाई अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा लिइएको छ । नेपालको संविधानको धारा ५१(घ) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने संवैधानिक नीति छ । सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा सहकारी समावेश छ । सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ जारी छ । मुलुकभर हाल २९८८६ सहकारी संस्थाहरू क्रियाशील छन् । सङ्घअन्तर्गत १२५, प्रदेश सरकारअन्तर्गत ६००२ र स्थानीय सरकारअन्तर्गत २३७५९ सहकारी सङ्घ संस्था रहेका छन् । सङ्घअन्तर्गतका सहकारीको दर्ता र नियमन सहकारी विभागले गर्दै आएको छ । त्यसैगरी, सहकारी संस्थाहरूको प्रवर्द्धन, तालिम तथा प्रभाकारी नियमनका लागि आधारभूत तथ्याङ्कहरू स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म इन्टरनेटमा आधारित सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) सफ्टवेयर सहकारी विभागले सञ्चालनमा ल्याएको छ । प्रदेशअन्तर्गतका सहकारीको दर्ता, अनुगमन, नियमन प्रदेश सरकारले गर्दै आएको छ भने स्थानीय तहअन्तर्गतका सहकारीको दर्ता, नियमन, अनुगमन एवं सहजीकरण गाउँपालिका तथा नगरपालिकाले गर्दै आएका छन् । सहकारी बैङ्क र पचास करोडभन्दा बढी ऋण तथा बचत कारोबार गर्ने सहकारीको नियमन नेपाल राष्ट्र बैङ्कले गर्ने व्यवस्था छ ।

● **सहकारीको विकासमा नियामक निकायको भूमिका :**

- नेपालमा देशभरि छरिएर रहेका सहकारीको कार्यक्षेत्र अनुरूप सङ्घ, प्रदेश र स्थानीय तहबाट दर्ता, अनुगमन, नियमनको कार्य हुँदै आएको छ । यिनको विकासमा यस्ता नियामक निकायको बहुआयामिक भूमिका हुने गर्दछ, जसलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

● **सहकारी विभागको भूमिका**

- सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) सफ्टवेयरलाई प्रदेश र स्थानीय तहसम्म कार्यान्वयनमा ल्याई प्रभावकारी बनाउने,
- सहकारी क्षेत्रमा हुने अनियमितता रोक्ने गरी अनुगमन र नियमनलाई नियमित बनाउने,
- एक व्यक्ति एक सहकारी नीतिको प्रभावकारी पालना गराउने,
- सङ्घ, प्रदेश र स्थानीय तहका सहकारीहरुको एकीकृत नियमन प्रणाली लागू गर्ने,
- सहकारी अनुगमन तथा नियमन मार्गदर्शन तयार गरी लागू गर्ने,
- प्रदेश र स्थानीय तहका सहकारीको प्रभावकारी नियमनका लागि संस्थागत क्षमता विकासमा सहयोग गर्ने,
- सहकारी प्रशिक्षण कार्यलाई प्रदेश र स्थानीय तहसम्म विस्तार गर्ने,
- नेपाल राष्ट्र बैङ्कसँग समन्वय गरी सहकारी बैङ्क र पचास करोडभन्दा बढी ऋण तथा बचत कारोबार गर्ने सहकारीको नियमन कार्यलाई थप प्रभावकारी बनाउने,
- सहकारी संस्थाहरूको पुँजीलाई कृषि, उद्योग, पर्यटनलगायतका उत्पादनशील क्षेत्रमा प्रवाहको वातावरण तयार गरी रोजगारी तथा स्वरोजगारी वृद्धि गर्ने,
- सहकारी संस्थाहरूमा पारदर्शिता, जवाफदेहिता एवं सदाचारिता अभिवृद्धि गरी सुशासनलाई संस्थागत गर्ने,

● **प्रदेश र स्थानीय सरकारको भूमिका**

- आफ्नो मातहतमा रहेका सहकारीहरूको नियमन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउने,
- सहकारी संस्थाहरूको सङ्ख्यात्मक वृद्धिभन्दा गुणात्मक विकासमा ध्यान दिने,
- उत्पादनमूलक क्षेत्रमा सहकारीको पुँजी प्रवाह हुने वातावरण तयार गर्ने,
- बचत सङ्कलन, कर्जा प्रवाह र ऋण असुली कार्यलाई सरल र पारदर्शी बनाई सहकारीमा संस्थागत संस्कृतिको विकास गर्ने,
- सहकारी शिक्षाको प्रवर्द्धन गरी वित्तीय साक्षरता, सचेतना अभिवृद्धि गर्ने,
- सहकारी प्रति सर्वसाधारण नागरिकको विश्वास अभिवृद्धि गरी सहकारी क्षेत्रको प्रवर्द्धन गर्ने ।

२. **अन्तर सरकारी वित्त व्यवस्थापन भनेको के हो ? यसअन्तर्गत पर्ने विषयहरू के के हुन् ? लेख्नुहोस् ।**

✍ तहगत सरकारहरूबीच आय व्यय, बजेट, ऋणलगायतका क्षेत्रमा आपसमा समन्वय एवं सहकार्य गर्दै आफ्नो वित्तीय क्षमता सुदृढ गर्ने कार्यलाई अन्तर सरकारी वित्त व्यवस्थापन भनिन्छ । यसमा तहगत सरकारहरू बीचमा वित्त साधन परिचालनमा आफ्नो अनुभव, सूचना आदानप्रदान गर्ने, साधन स्रोतको बाँडफाँट गर्ने, देखिएका समस्या समाधान गर्नेलगायतका कार्य भई तहगत सरकारबीचको सम्बन्ध थप सुदृढ गरिन्छ । यो सङ्घीयताको एक महत्वपूर्ण पक्ष हो । त्यसैले सङ्घीयता यसैमा निर्भरसमेत हुने गर्दछ । यसले वित्तीय सङ्घीयतालाई तहगत सरकारबीच व्यवस्थापनको कार्य गर्दछ ।

● **यस अन्तर्गत पर्ने विषयहरू :**

- राजस्वको अधिकार,
- राजस्व बाँडफाँट,
- अनुदान वितरण,
- ऋण व्यवस्थापन,
- बजेट व्यवस्थापन,
- सार्वजनिक खर्च व्यवस्थापन,
- वित्तीय अनुशासन तथा जवाफदेहिता,
- वित्त व्यवस्थापनमा समन्वय गर्न कानुनी र संस्थागत संयन्त्र,

३. **नेपालको सङ्घीय राजस्व प्रणालीमा देखिएका समस्या पहिचान गरी सुझाव लेख्नुहोस् ।**

✍ नेपालको संविधानले मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुको कार्यान्वियन गर्दै मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको परिकल्पना गरेको छ । त्यसैगरी मुलुकलाई सङ्घ, प्रदेश र स्थानीय तहको सङ्घीय संरचनामा रूपान्तरण गरी तीनै तहबाट आन्तरिक स्रोतको परिचालन मार्फत वैदेशिक सहायता माथिको निर्भरता कम गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड दिएको छ । यसका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा संविधानले राजस्व अधिकार प्रदान गरेको छ । नेपालमा सङ्घीय संरचना नयाँ प्रणाली भएको, प्रदेश र स्थानीय तहमा पर्याप्त अनुभव एवं सूचना र तथ्याङ्कको कमी भएको लगायतका कारणले तीनै तहको राजस्व प्रणालीमा विभिन्न समस्या देखिएका छन्, जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- आर्थिक क्रियाकलापमा अनौपचारिक क्षेत्रको हिस्सा उच्च हुनु,
- कुल राजस्वमा आय करको अंश बढाउन नसकिनु,
- राजस्वको ठूलो हिस्सा आयातमा निर्भर रहनु,
- वास्तविक कारोबार मूल्यका आधारमा भन्सार जाँचपास प्रणाली अवलम्बन गर्न नसक्नु,
- बजारमा बिल दिने-लिने पद्धतिको विकास गर्न नसक्नु,
- कर कानुनको परिपालना र व्यापार सहजीकरणबीच तालमेल ल्याउन नसक्नु,
- सम्भावना र क्षमताअनुरूप राजस्व परिचालन हुन नसक्नु,
- प्रदेश र स्थानीय तहमा सङ्घले राजस्व प्रशासनका अनुभवी कर्मचारी पठाउन नसक्नु,
- तीन तहको राजस्व सम्भाव्यता अध्ययन हुन नसक्नु,
- सङ्घको राजस्व प्रशासन सुदृढ हुन नसक्नु,
- सङ्घीय राजस्व तिर्ने कतिपय कार्यालय करदाताको सहज पँहुच बाहिर हुनु,
- तीन तहका राजस्व प्रशासनबीच ज्ञान, सीप, अनुभव आदानप्रदान हुन नसक्नु,
- राजस्व अधिकारको महत्वपूर्ण स्रोतहरू सङ्घमा मात्र सीमित हुनु,
- राजस्व बाँडफाँट वैज्ञानिक हुन नसक्नु,
- अपर्याप्त राजस्व अधिकारले गर्दा प्रदेशमा स्रोत व्यवस्थापनको चुनौती रहनु,
- आवश्यक दक्षता एवं अनुभवको अभावमा स्थानीय तहको करारोपण वैज्ञानिक हुन नसक्नु ।

● **सुझाव**

- प्रत्येक जिल्लामा आन्तरिक राजस्व कार्यालयको स्थापना गरी करदाताको पहुँच विस्तार गर्ने,
- करको दर कम गरी दायरा विस्तार गर्ने कार्यलाई अभियानको रूपमा सञ्चालन गर्ने,
- हरेक पेसा, व्यवसाय, लगानी, रोजगारीलगायतका आय आर्जनका सबै क्षेत्रमा करको स्थायी लेखा नम्बर अनिवार्य गर्ने,
- भन्सारमा सूचना प्रविधिको उच्चतम प्रयोग, अन्तरदेशीय सूचना आदान प्रदान तथा आवश्यक समन्वय, सहकार्यलगायतका विधि, प्रक्रिया अवलम्बन गरी वास्तविक कारोवार मूल्यका आधारमा भन्सार जाँचपास हुने भरपर्दो प्रणालीको विकास गर्ने,
- करदाता शिक्षा, नागरिक सचेतना, सशक्त बजार अनुगमन, कानून पालना गर्ने करदातालाई पुरस्कार र नगर्नेलाई दण्डलगायतका व्यवस्था प्रभावकारी बनाएर आन्तरिक बजारमा वास्तविक कारोबारको आधारमा सबैले बिल लिने दिने प्रणालीको विकास गर्ने,
- अन्तर विभाग, अन्तर कार्यालयबीच सूचना प्रविधिको माध्यमबाट सूचना आदानप्रदान गरी राजस्व जोखिमका आधारमा अनुसन्धान तथा अडिट गर्ने,
- कर, भन्सार तथा राजस्व अनुसन्धानले राजस्व जोखिमलाई आधार मानेर समन्वयात्मक कार्य प्रणाली अवलम्बन गर्ने,
- सबै प्रकारको राजस्व भुक्तानीलाई विद्युतीय माध्यममा रूपान्तरण गरी राजस्व सङ्कलनमा करदाता र कर प्रशासनको लागत कम गर्ने,
- आधुनिक सूचना प्रविधि, प्रोत्साहन, पुरस्कार तथा दण्डलगायतका व्यवस्था गर्दै कर प्रशासन र करदाता दुवै पक्षमा पारदर्शिता र सदाचारिताको विकास गर्ने,
- सङ्घ र प्रदेशबीच राजस्व प्रशासनमा साझेदारी गर्दै राजस्व जनशक्ति आदान प्रदानको व्यवस्था गर्ने,
- प्रदेश र स्थानीय तहबीच राजस्व प्रशासनमा जनशक्ति आदान प्रदान गर्दै स्थानीय राजस्व प्रशासनको क्षमता विकास गर्ने,
- सङ्घले सङ्घ, प्रदेश र स्थानीय तहको राजस्व सम्भाव्यता पहिचान गरी प्रदेश र स्थानीय तहको क्षमता विकास गर्ने, ज्ञान, सीप, अनुभव, सूचना आदानप्रदानको संस्थागत संयन्त्र तयार गर्ने,
- दुई तह र तीन तहबीच भएका संवैधानिक साझा अधिकारको विषयमा सङ्घले आवश्यक कानुन, मापदण्ड, नीति तयार गरी प्रदेश र स्थानीय तहको राजस्व परिचानमा मार्गदर्शन गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहको राजस्व प्रशासनको सुदृढीकरण गर्ने, यसका लागि सङ्घले आवश्यक तालिम, प्रोत्साहन तथा अन्य कार्यक्रम लागू गर्ने,
- तीन तहबीच रहेको हालको राजस्व बाँडफाँटको व्यवस्था पुनरावलोकन गरी थप वैज्ञानिक बनाउने ।
- उपरोक्त सुझाव कार्यान्वियन भएमा हाल देखिएका समस्या समाधान भई तीन तहको राजस्व सम्भाव्यता र क्षमताअनुसार परिचालनमा प्रभावकारिता आई मुलुकको आर्थिक सामाजिक विकासमा आन्तरिक स्रोतको अभाव पूरा हुने अपेक्षा गर्न सकिन्छ ।

४. **नेपालमा सार्वजनिक ऋण परिचालनमा के कस्ता समस्याहरू छन् ? उल्लेख गर्दै समस्या समाधानका लागि सुझावहरू प्रस्तुत गर्नुहोस् ।**

✍ मुलुकमा भौतिक पूर्वाधार विकास गर्न, रोजगारी सिर्जना गर्न एवं सामाजिक न्याय, समता कायम गर्न सरकारले घाटा बजेटमार्फत परिचालन गर्ने साधन सार्वजनिक ऋण हो । नेपालमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ ले घाटा बजेट पूर्ति गर्न स्रोत परिचलान गर्ने, आन्तरिक तथा बाह्य ऋणको अभिलेख, प्रतिवेदनलगायतका विषय व्यवस्था गरेको छ । मुलुकको विकासका लागि वार्षिक रूपमा बजेटमार्फत आन्तरिक र बाह्य ऋण परिचालन हुँदै आएको छ । नेपालमा कुल गार्हस्थ्य उत्पादनमा ऋणको अंश दक्षिण एसियामै कम छ तर राष्ट्रिय आवश्यकता एवं प्राथमिकताका क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्न नसक्दा अपेक्षित प्रतिफल प्राप्त गर्न नसकेको अवस्था छ । यस अर्थमा नेपालमा सार्वजनिक ऋण परिचालनमा विभिन्न समस्या छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी स्पष्ट रणनीति नहुनु,
- सङ्घीय संरचनाबमोजिम प्रदेश र स्थानीय तहले ऋण परिचालन गर्न नसक्नु,
- राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा अपेक्षित रूपमा ऋण परिचालन नहुनु,
- आन्तरिक ऋण परिचालनका उपकरणसम्बन्धी जनचेतनाको कमी हुनु,
- उत्पादनशील क्षेत्रमा आन्तरिक ऋण परिचालन गर्न नसक्नु,
- प्रतिबद्धताबमोजिम बाह्य ऋण प्राप्त हुन नसक्नु,
- बाह्य ऋणमा सहुलियतपूर्ण ऋणको अंश क्रमशः कम हुँदै जानु,
- बाह्य ऋण सम्झौता पूर्व पर्याप्त तयारी नहुनु,
- बाह्य ऋण प्राप्तिमा वार्ता एवं सम्झौताका लागि सक्षम स्थायी संयन्त्रको अभाव हुनु,
- विदेशी विनिमय जोखिम उच्च भई बाह्य ऋणको लागत बढ्दै जानु,
- ऋण परिचालन र उपयोग क्षमतामा कमी हुनु,
- सार्वजनिक ऋणको अभिलेख र प्रतिवेदन सुदृढ हुन नसक्नु,
- सार्वजनिक ऋणमार्फत निजी क्षेत्र तथा बाह्य लगानी प्रबर्द्धन गर्न नसक्नु ।

● **समस्या समाधानका लागि सुझावहरू**

- सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीति तर्जुमा गरी कार्यान्वियन गर्ने,
- सङ्घीय संरचनाबमोजिम ऋण परिचालन गर्न ऐन नियम संशोधन गरी कानुनी आधार प्रष्ट गर्ने,
- सार्वजनिक ऋण परिचालनका आधारहरूलाई समयानुकूल परिमार्जन गर्ने, पुनरावलोकन गर्ने,
- सरकारी ऋणपत्रमा लगानीकर्ताको आकर्षण बढाउन वित्तीय साक्षरता प्रवर्द्धन गर्दै प्रोत्साहनको व्यवस्था गर्ने,
- बाह्य ऋण परिचालनमा सहुलियतपूर्ण ऋण प्राप्तिमा जोड दिने,
- बाह्य ऋण प्राप्तिमा वार्ता एवं सम्झौता गर्न सरोकारवाला मन्त्रालय सबैको प्रतिनिधित्व रहने गरी एक विज्ञ समूह गठन गर्ने,
- कार्यविधिमा सरलीकरण, कर्मचारीको क्षमता विकास, प्रोत्साहन प्रणालीलगायतका व्यवस्था गरी ऋण उपयोग क्षमता विकास गर्ने,
- ऋण तिर्न सक्ने क्षमता विकास गर्ने क्षेत्रमा मात्र ऋण लिने र परिचालन गर्ने नीति लिने,
- सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सुदृढीकरण सार्वजनिक ऋणको अभिलेख र प्रतिवदेन प्रणालीलाई व्यवस्थित गर्ने,

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL